# मर्स्याङदी बहुमुखी क्याम्पस
## बेसीशहर लमजुङ




## मर्स्याङ्दी बहुमुखी क्याम्पसको QAA यात्रा : एक सिंहावलोकन
## (A QAA Journey of Marsyangdi Multiple Campus: An Overview)

### परिचय

जनस्तरबाट संचालित लमजुङ जिल्लाको पहिलो सामुदायिक क्याम्पसको रुपमा मर्स्याङ्दी बहुमुखी क्याम्पसको स्थापना वि.सं. २०४७ सालमा बेसीशहरमा भएको हो । स्थापनाकालमा स्थानीय जनविकास माध्यमिक विद्यालयको भवनबाट मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत आइ.ए.र व्यवस्थापन संकाय अन्तर्गत आइ.कम.(प्रविणता प्रमाणपत्र) तहको अध्यापन गराउँदै आएको क्याम्पसले आफ्नो शैक्षिक उन्नयन र भौतिक पूर्वाधार विकासमा छोटो समयमा ठूलो फड्को मार्न सफल भयो । फलस्वरुपः वि.सं. २०५० सालदेखि उक्त संकायहरुमा स्नातक तहका कक्षा सञ्चालनको अनुमति प्राप्त भयो भने वि.सं. २०६० मा एक वर्षे वि.एड. र २०६१ सालमा तीनवर्षे वि.एड.को स्वीकृति सँगै पठनपाठन हुन थाल्यो । लमजुङे जनताको अतिरिक्त छिमेकी जिल्लाहरु जस्तै मनाङ, गोरखा, तनहुँ र कास्कीबाट समेत उच्चशिक्षामा थप विषय तथा स्नातकोत्तर तहसम्मको अध्ययनका लागि माग भएबमोजिम क्याम्पसले वि.सं. २०६७ सालदेखि मानविकी तथा सामाजिकशास्त्र अर्न्तगत समाजशास्त्र र शिक्षाशास्त्र संकाय अर्न्तगत पाठ्यक्रम तथा मूल्यांकन विषयमा स्नातकोत्तर तहका कक्षाहरु प्रारम्भ भएभने वि.सं. २०७८ सालदेखि व्यवस्थापन संकाय अन्तर्गत एम.वि.एस. कार्यक्रम स्वीकृति भइ कक्षाहरु सञ्चालन भइरहेका छन् । यी सबै कार्यक्रमहरु त्रिभुवन विश्वविद्यालयको सम्बन्धनबाट सञ्चालित छन् ।

भौतिक पूर्वाधार विकास, विद्यार्थी संख्या तथा सञ्चालित कार्यक्रमको आधारमा मर्स्याङ्दी बहुमुखी क्याम्पस नेपालका ठूला सामुदायिक क्याम्पसहरुको सूचिमा पर्दछ तथापि शैक्षिक गुणस्तरलाई अन्तराष्ट्रिय मापदण्ड अनुसारको बनाउन र गुणस्तरीय शिक्षा प्रदायक संस्थाको रुपमा QAA प्रत्यायन हुनुपर्ने आवश्यकता महसुस भयो । विश्वविद्यालय अनुदान आयोगको नीतिअनुसार उच्चशिक्षा प्रदायक संस्थाहरु क्रमशः QAA प्रत्यायन हुनुपर्ने अन्यथा मर्जरतिर जानुपर्ने अवस्था र क्याम्पसको समग्रपक्षलाई स्वमूल्यांकन गर्दा QAA प्रक्रियाको बारेमा छलफल भयो । तत्कालीन सञ्चालक समिति, प्राध्यापकहरु, संस्थापक तथा पूर्व सञ्चालक समिति, विद्यार्थी, अभिभावक र चन्दादाता शुभचिन्तक सबैको आसय क्याम्पसलाई QAA प्रत्यायन दिलाउने भन्ने निष्कर्ष भएपश्चात वि.सं. २०७२ सालबाट QAA को लागि आवश्यक निर्णय गरी SAT समिति गठन भयो । QAA का लागि आसय पत्र (Letter of Intent - LoI) पेश भएपछि मिति २०७२ भाद्र २२ गते LoI स्वीकृत भयो ।

### क्याम्पसमा सञ्चालित शैक्षिक कार्यक्रमहरु


| S.N. | Programmes | Affiliation Date | Remarks |
|---|---|---|---|
| 1 | PCL (I.A., I.Com.) | 2047-10-11 | Phased Out, now +2 program with a separate management |
| 2 | B.A., BBS | 2050-12-24 | |
| 3 | B.Ed. (One Year) | 2060 | |
| 4 | B.Ed. (Three Year) | 2061-06-08 | |
| 5 | M.Ed. (Curriculum) | 2067-04-06 | |
| 6 | M.A. (Sociology) | 2067-03-24 | |
| 7 | MBS | 2078 | |

### मर्स्याङ्दी बहुमुखी क्याम्पस QAA को यात्रा

QAA को पुरा रुप Quality Assurance Accreditation अर्थात् गुणस्तर सुनिश्चिता प्रत्यायन हो । प्रत्यायन एउटा यस्तो प्रक्रिया हो जहाँ आधिकारिक Body

वा निकायले कुनैपनि उच्चशिक्षा संस्थाहरुको समग्रपक्षको सघन मूल्यांकन पश्चात् शैक्षिक गुणस्तरका पूर्वनिर्धारित न्यूनतम् आधारहरु वा Standard पुरा गरेपछि उक्त संस्थालाई गुणस्तर सुनिश्चितता प्रत्यायन दिइन्छ । QAA को उद्देश्य उच्चशिक्षा कार्यक्रमलाई सहजीकरण गर्नु, विभिन्न शैक्षिक संस्थाहरु तथा विश्वविद्यालयहरुको गुणस्तर सुनिश्चितता संयन्त्रलाई Self-assessment format, Peer review तथा Quality auditsका माध्यमबाट विकास गर्नु हो । नेपालमाउच्चशिक्षाको क्षेत्रमा काम गर्न सबै विश्वविद्यालयहरुको छाता संस्था विश्वविद्यालय अनुदान आयोगहो । विश्वविद्यालय अनुदान आयोग ऐन १९९३ अन्तर्गत विश्वविद्यालय अनुदान आयोग (University Grants Commission - UGC) २२ नोभेम्बर १९९३ मा स्थापना भएको हो भने यसले आफ्नो कार्य प्रारम्भ सन् १९९४ देखि गर्न थाल्यो । विश्वविद्यालय अनुदान आयोग अन्तर्गत QAA विभागले नेपालका आंगिक, सम्बन्धनप्राप्त तथा निजी क्याम्पसहरु तथा अध्ययन संस्थाहरुले प्रदान गरेको शैक्षिक गुणस्तर तथा शिक्षण संस्थाहरुका विभिन्न पक्षहरुलाई ८ वटा बेन्च मार्क तथा १२० वटा Indicators को आधारमा स्वअध्ययन प्रतिवेदन (Self-Study Report - SSR) निर्माण गरी विभागले निर्धारण गरेका चारवटा चरणहरु पुरा गरेपछि प्रत्यायनकृत गरिन्छ । ती चार चरणहरु यस प्रकार छन् ।

I. Submission of a Letter of Intent (LoI)
II. Preparation and Submission of Self–Study Report (SSR)
III. Peer Review: Pre PRT, PRT and Follow up Visit
IV. Final Decision for Accreditation




संस्थागत रुपमा मर्स्याङ्दी बहुमुखी क्याम्पसले QAA यात्राको थालनी वि.सं. २०७२ बाट सुरु गरेको हो । QAA विभागलेनिर्धारण गरेको न्यूनतम आधारहरु पुरा गरेर LoI मार्फत QAA प्रक्रियामा प्रवेश गरेको क्याम्पसले माथिका चार चरणहरु पुरा गरि मिति २०७९ असार २९ गते विश्वविद्यालय आयोगबाट गुणस्तर प्रत्यायनकृत भएको हो । संक्षेपमा यस क्याम्पसको QAA यात्रा निम्नानुसार रह्यो ।

| S.No. | Particulars | Date |
|---|---|---|
| 1 | LoI Approval | 22 Bhadra 2072 |
| 2 | SSR Submission | 12 Asoj 2075 |
| 3 | SSR Approval | 12 Bhadra 2076 |
| 4 | PRT Formation | 7 Asoj 2076 |
| 5 | Pre Visit (Preparatory visit) | 6-9 Kartik 2076 |
| 6 | Response of Pre Visit submitted | 27 Asar 2078 |
| 7 | PRT Assessment Visit | 20-24 Bhadra 2078 |
| 8 | Response Report of PRT Visit Submitted | 28 Magh 2078 |
| 9 | Follow up Visit | 16-17 Chaitra 2078 |
| 10 | Response Report of Follow up visit submitted | 24 Jestha 2079 |
| 11 | QAA Accredited | 29 Asar 2079 |



## Peer Review Team - PRT

मर्स्याङ्दी बहुमुखी क्याम्पसले QAA का लागि गरेको समग्र गतिविधिहरुको अनुगमन तथा मूल्यांकन गर्न UGC QAA Division ले निम्नानुसारको PRT team गठन गरेको थियो ।


| S. No. | Name | Designation |
|---|---|---|
| 1 | Prof. Dr. Keshar Jung Baral | Coordinator |
| 2 | Prof. Dr. Kaushik Raval (Foreign Expert) | Member |
| 3 | Prof. Dr. Shankar Thapa | Member |
| 4 | Prof. Dr. Sangeeta Rajbhandari | Member |
| 5 | Mr. Narayan Bhandari/ Mamata Prajapati | Staff Member |

## क्याम्पसमा गठित विभिन्न समिति तथा उपसमितिहरु




उपरोक्त समिति गठन पश्चात यस क्याम्पसलाई प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग, नियमन एवं नियन्त्रण गर्ने कार्य शुरु भयो । कोभिड-१९ को प्रकोपलाई छिचोल्दै क्याम्पसका प्रशासनिक गतिविधिहरु रोकिएन । मिति २०७८ भाद्र २० देखि २४ सम्म उक्त टोलीले ५ दिन सम्मको क्याम्पसका सम्पूर्ण गतिविधी तथा कार्यक्रमहरुको अध्ययन गर्‍यो । विदेशी विशेषज्ञ सहितको टोलीले Peer Review गर्दा Virtual mode of communication पनि प्रयोग गर्नु पर्‍यो । कोभिड-१९ को प्रकोप जतिसुकै प्रतिकूल बनेतापनि जहाँ इच्छा त्यहाँ उपाय भनेझैं पत्राचार भई नै रह्यो । आवश्यक प्रतिवेदन लेखन, भौतिक निर्माण कार्य तथा समितिले दिएका सुझाब अनुसार काम हुँदै गए । नीतिगत संसोधनहरु बनाउदै गइयो । शैक्षणिक सुधारका लागि भावी दिनहरुमा यस क्याम्पसले सक्दो प्रयास गर्नेछ भन्ने संकल्पहरु गर्दै गइयो । अनि सोही अनुसारका नीति तथा कार्यक्रमहरुमा परिवर्तन गर्दै गइयो । अन्तत्वगोत्वा: ७ बर्षको अथक प्रयासले अन्तराष्ट्रिय मान्यता पाएको प्रमाण पत्र (जसमा शैक्षिक गुणस्तर प्रत्यायनकृत २०२२ उल्लेख गरिएको छ) मिति २०७९ असार २९ गते प्राप्त गर्न सफल भयो जसको श्रेय क्याम्पससंग सम्बद्ध सम्पूर्ण पक्षहरु : क्याम्पस संचालक समिति, संस्थापकहरु, पूर्व संचालक समिति, सल्लाहकार समिति, क्याम्पसमा गठित विभिन्न उपसमितिहरु विशेष गरी IQAC and SAT, प्राध्यापक तथा कर्मचारीहरु, विद्यार्थीहरु, अभिभावकहरु, पूर्व विद्यार्थी समाज, विभिन्न शैक्षिक तथा वित्तीय संघसंस्थाहरु साथै विश्वविद्यालय अनुदान आयोग, नेपाल परिवारलाई आभार एवं धन्यवाद प्रकट गर्न चाहन्छौं ।

## SAT ले तयार पारी क्याम्पस संचालक समितिबाट स्वीकृत क्याम्पसका कार्यविधि तथा कार्यक्रमहरु








**गुणस्तर प्रत्याकृत पश्चात क्याम्पसका अवसरहरु**

१. गुणस्तरीय उच्चशिक्षा प्रदान गर्ने संस्थाको रुपमा सूचिकृत भएपछि विद्यार्थीहरुको आकर्षण बढ्नेछ ।

२. विश्वविद्यालय अनुदान आयोगले प्रदान गर्ने नियमित अनुदानमा वृद्धि हुनेछ साथै क्याम्पसले गर्ने विभिन्न क्रियाकलापहरु जस्तै अनुसन्धान तथा शिक्षकहरुको पेशागत विकासमा थप अनुदान प्राप्त हुनेछ ।

३. प्रति विद्यार्थी उत्तीर्ण संख्याको आधारमा प्रति विद्यार्थी रु ३५,०००। प्राप्त हुनेछ।

४. विद्यार्थी, अभिभावक तथा शुभचिन्तकहरुको साथ र सहयोग तथा विश्वविद्यालय अनुदान आयोग तथा स्थानीय र प्रदेश सरकारको सहयोगमा क्याम्पसको शैक्षिक तथा भौतिक पक्षमा विकास भई गण्डकी प्रदेशको उत्कृष्ट क्याम्पस बन्न सक्नेछ ।

५. क्याम्पसको पर्याप्त जग्गा रहेको र प्राविधिक धारका विषयहरु सञ्चालन गर्ने लक्ष्यले पूर्णता पाउनेछ ।

६. निकट भविष्यमा नै बि.बि.ए., बि.एच.एम.तथा बि.आइ.टी. कार्यक्रमहरु तथा स्नातकोत्तर तहमा नयाँ विषयक अध्यापनको लागि त्रि.वि.बाट सम्बन्धन पाउने र ठूलो संख्यामा बाहिरिने विद्यार्थी संख्या रोकिने छ ।

६. यस क्षेत्रको अनुसन्धानको हब मर्स्याङ्दी बहुमुखी क्याम्पस बन्न सक्नेछ ।

७. क्याम्पसको विकाससँगै बेसीशहर क्षेत्रको व्यवसायिक विकासले पनि गति लिन सक्नेछ ।

**चुनौतिहरु**

१.प्रत्यायन ५ वर्षको लागि मात्र भएकोले उत्कृष्ट शैक्षिक गुणस्तर कायम गरी पुनप्रत्यायन हुन ।

२. विद्यार्थी Drop Out घटाउने र उत्तीर्णदर बढाउन ।

३. अनुसन्धान व्यवस्थापन तथा शिक्षणलाई अनुसन्धानसँग जोड्न ।

४. उच्चशिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुको आवश्यकता बमोजिम एम.फिल. तथा पि.एच.डि गरेका र अनुसन्धानमा दक्ष जनशक्तिको व्यवस्थापन गर्न ।

५. विद्यार्थीहरुलाई किताबी ज्ञानको अतिरिक्त Non Credit Curriculum मार्फत पेशागत दक्षता विकास गर्न निर्माण गरिएको Non-credit Curriculum को प्रभावकारी कार्यन्यवयन गर्न ।

६. क्याम्पसलाई Deemed University को रुपमा विकास गर्न ।

**QAA Award Ceremony**




QAA Award Ceremonyमा UGC Chairperson बाट Award ग्रहण गर्दै क्याम्पस संचालक समितिका अध्यक्ष हरिप्रसाद बरालका साथमा UGC का पदाधिकारी तथा क्याम्पसको टिम